म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २३ २०८० मंसिर २४ गते आइतबार 10 December 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## विज्ञान प्रदर्शनीमा बालजागृति प्रथम

हेटौंडाः हेटौंडा उपमहानगरपालिकोे शिक्षा विकास महाशाखाले आयोजना गरेको हेटौंडा उपमहानगरपालिकास्तरिय विज्ञान प्रदर्शनी-२०८० मा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका विद्यार्थीको समूह प्रथम भएको छ ।

बालजागृतिमा कक्षा-१० मा अध्ययनरत विद्यार्थीहरु स्पन्दन दाहाल, सुरेश्ना श्रेष्ठ, रिवाज बर्तौला, रोमिशा तामाङ, एलेक्स विडारी तथा रिजन गौतमको सहभागितामा रहेको समूहले तयार पारेको विज्ञान विषयक शैक्षिक सामग्री प्रतियोगितामा प्रथम भएको हो । प्रतियोगितामा हेटौंडा-९ स्थित कृष्ण आदर्श सेकेण्डरी इंग्लिस स्कूलका विद्यार्थीको समूह द्वितीय भएका छन् ।

# राजनीतिक नेतृत्व पारदर्शी छैनः मुख्यमन्त्री जम्कट्टेल




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले देशमा राजनीतिक नेतृत्व पारदर्शी नभएको बताउनुभएको छ। शनिबार २० औं अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले राजनीतिक नेतृत्व पारदर्शी नभएकोले भ्रष्टाचार बढेको बताउनुभयो ।

राजनीतिक दल पारदर्शी भए भ्रष्टाचार कम हुने बताउँदै, उहाँले भन्नुभयो, 'नेपालको अवस्था उत्साहीत नभई निराशाजनक छ, नेपालमा भ्रष्टाचार संस्कारको रुपमा फैलिएको छ, हिजो राणा, राजाको पालामा पनि भ्रष्टाचार भएको र अहिले पनि सबैलाई कमाउनमात्र ध्यान भएको छ ।' भ्रष्टाचारको मुख्य दोषी राजनैतिक दल भएको उहाँले आरोप लगाउनुभयो । आफ्नो फाइदाका लागि सरकारले मन्त्रिपरिषद्बाट विभिन्न निर्णय गरेर भ्रष्टाचारलाई प्रोत्साहन दिइरहेको उहाँको भनाइ छ ।

राजनीतिक दल सरकारमा बस्दा एउटा कुरा गर्ने र सरकारबाट बहिरिएपछि अर्को कुरा गर्न नहुने पनि उहाँको भनाइ थियो । कार्मचारीलाई राजनीतिक दलले दवावमा पारी कानुनविपरित काम गर्न लगाई समस्या आइरहेको बताउँदै आफू सरकारमा आएपश्चात् कुनै पनि कर्मचारीलाई दवावमा नपरी कानुनसम्मत काम गर्न निर्देशन दिएको बताउनुभयो ।

अख्तियार तर्साउने हतियार भएको बताउँदै उहाँले भन्नुभयो, 'अख्तियारले बेनामी निवेदन लिएर छानबिन गर्ने, त्यसमा समावेश नभएकाले अनावश्यक दुःख पाउने गरेको छ । सबैले गम्भीर भएर समीक्षा गर्न आवश्यक रहेको छ । अहिले व्यवस्थामाथि नै प्रश्न उठ्ने गरेको छ।' अख्तियार निष्पक्ष भई सत्यको खोजी गर्न आवश्यक रहेको बताउँदै सर्वसाधारण जनतालाई दुःख दिन नहुने उहाँको भनाइ रहेको छ ।

सरकारी कार्यालय बदला लिने हतियार बन्न नहुने बताउँदै बागमती प्रदेश सरकारलाई अख्तियारले २२ बुँदे निर्देशन दिएको बताउनुभयो। अख्तियारले कामको उद्देश्य र परिणाम हेरेर काम गर्नुपर्नेमा जोड दिनुभयो । अख्तियारले विभिन्न काममा रोकावट ल्याएको बताउँदै राम्रो उद्देश्यले ल्याएको काममा साथ दिन जरुरी रहेकाले आफ्नो अधिकार न्यायको निमित्त प्रयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

प्रदेश सरकार व्यवहारले जवाफ दिन तयार भएकाले सकारात्मक पक्षलाई साथ दिएर सबै अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । राज्य शासन नभई सेवा गर्ने भएकाले भ्रष्टाचार निवारणमा एकले अर्कालाई दोषी नदेखाई सबै निष्पक्ष भएर कार्य गर्नुपर्नेमा मुख्यमन्त्री जम्कट्टेलले जोड दिनुभयो ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका प्रमुख नरहरि घिमिरेले ११ जिल्लालाई यस कार्यालयले हेर्ने बताउँदै मकवानपुरबाट सबैभन्दा धेरै मुद्दा कार्यालयमा परेको बताउनुभयो । घुस लिनुमात्र भ्रष्टाचार नभई सार्वजनिक पद वा सम्पत्तिको दुरुपयोग गर्नु पनि भ्रष्टाचार भएको उहाँले जानकारी गराउनुभयो । अख्तियारमा सार्वजनिक विकास निर्माण, नदी दोहनको विषयमा बढी मुद्दा पर्ने गरेको बताउँदै समयमा काम नगरे पनि भ्रष्टाचार हुने उहाँको भनाइ छ ।

बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायले आफूले गर्नुपर्ने काम नगरे भ्रष्टाचार हुने बताउँदै नागरिकप्रतिको कर्तव्यको पालना गर्नुपर्नेमा जोड दिनुभयो । नागरिकको सल्लाह, जागरुकताबाट भ्रष्टाचार नियन्त्रण गर्न सकिने उहाँले बताउनुभयो ।

बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको संयुक्त आयोजनामा कार्यक्रम भएको हो । बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलको प्रमुख आतिथ्य तथा बागमती प्रदेशका प्रमुख सचिव उपाध्यायको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, चितवन र मकवानपुरका जिल्ला प्रशासन कार्यालयका प्रमुख, सम्बन्धित कार्यालयका प्रमुख, प्रहरीलगायतको उपस्थिति रहेको थियो ।

# पेस्तोल र गोलीसहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले एक थान सेमिअटोमेटिक पेस्तोल र २० राउण्ड गोलीसहित पक्राउ परेका तीन जनालाई सार्वजनिक गरेको छ । शनिबार जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले कार्यालय परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्नुहुँदै पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा हेटौंडा-९ का ३३ वर्षीय निश्चल पौडेल, सोही ठाउँका ३५ वर्षीय गणेश घले र ३० वर्षीय प्रितम क्षेत्री रहेका छन्। उनीहरु शुक्रबार हेटौंडा-१० बाट पक्राउ परेका हुन् ।

गत सोमबार राति ११ बजेको समयमा हेटौंडा-९ का सूर्यप्रसाद पौडेलको घरमा गोली प्रहार भएको थियो । गोली प्रहार भएको भनी मंगलबार दिउँसो १ बजेको समयमा प्रहरीलाई सूचना प्राप्त हुनासाथ प्रहरी प्रमुख रिजालको कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटिएर अनुसन्धान गर्दा गोलीका खोकासमेत बरामद भएको थियो ।

प्रहरीले विभिन्न स्थानका सीसी टिभीको फुटेज र कपडाको आधारमा शंका लागि अनुन्धान गर्दै जाँदा उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट ७ राउन्ड लेखेको पेस्तोल एक थान, सोही पेस्तोलमा लाग्ने गोली १९ राउण्ड र ९ एमएमका गोली ८ राउण्ड पनि बरामद गरेको छ । यस्तै, हतियार सफा गर्ने रड एक थान, लागूऔषध खैरो हेरोइन २ ग्राम ४ सय मिलिग्राम र लागूऔषध तौल गर्ने डिजिटल तराजु २ थान बरामद गरेको छ ।

यस्तै, घटनामा प्रयोग भएको ना २५ प ३३०५ नम्बर, ना ६३ प ९६७८ नम्बरको मोटरसाइकल, ५० हजार रुपैयाँ र पाँच थान मोबाइल बरामद गरेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी प्रमुख रिजालले बताउनुभयो ।

# जिल्ला बचत संघद्वारा ९४ करोड बचत संकलन

समाज संवाददाता

हेटौंडाः जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरले ९४ करोड ५६ लाख ९२ हजार रुपैयाँ बचत संकलन गरेको छ । संघले प्रारम्भिक सहकारी संस्थामार्फत दैनिक, आवधिक बचत संकलन गर्ने गरेको छ । शनिबार हेटौंडामा सम्पन्न संघको १८ औं वार्षिक साधारणसभामा प्रस्तुत प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० मा संघले २२ करोड ८० लाख २६ हजार रुपैयाँ ऋण लगानी गरेको छ । संघले ७ करोड ६३ लाख ६५ हजार रुपैयाँ आम्दानी गर्न सफल भएको छ ।

शनिबार बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले साधारणसभाको उद्घाटन गर्नुभयो । साधारणसभाको उद्घाटन कार्यक्रममा संघका सचिव वीरेन्द्र प्रसाद ढुङ्गानाले गत आर्थिक वर्ष २०७९/८० को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो । संघमा हाल १ सय ३८ वटा प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था (साकोस) आवद्ध छन् । संघको शेयर पुंजी ४ करोड ४६ लाख ५५ हजार रुपैयाँ रहेको छ ।

संघले साधारणसभाको अवसरमा सर्वोत्कृष्ट महिला साकोसको रुपमा हेटौंडा-११ स्थित बागेश्वरी महिला सकोसलाई सम्मान गरेको छ । यस्तै सर्वोत्कृष्ट मिश्रित सकोसको रुपमा हेटौंडा-२ स्थित हातेमालो साकोसलाई सम्मान गरेको छ । यस्तै सहकारी अभियानकर्मी महिलाको रुपमा जिल्ला बचत संघकी मेनुका दाहाल, अभियानकर्मी पुरुषको रुपमा श्रमिक सुरक्षित साकोसका अध्यक्ष नवराज अर्यालालाई, उत्कृष्ट सहकारी महिला कर्मचारीको रुपमा महिला मिलन साकोसकी फुलमाया मोक्तान र उत्कृष्ट पुरुष कर्मचारीको रुपमा मितेरी सकोसका सरोज थापा मगरलाई सम्मान गरेका छन् ।

यस्तै उत्कृष्ट दैनिक कारोबारकर्ता साकोसको रुपमा राक्सिराङस्थित महिला मुक्ति सकोस, सकोस एकीकरण सम्मान आधुनिक साकोसलाई, सर्वाधिक बचत जम्मा गर्ने महिला सेवा साकोस, सर्वाधिक ऋण परिचालन गर्ने साकोस थाहा नगरपालिकास्थित कुञ्छाल साकोस र सर्वाधिक शेयर खरिद गर्ने जनचेतना साकोसलाई सम्मान गरेको छ । यस्तै गाउँपालिकातर्फ सर्वाधिक बचत जम्मा गर्ने भीमफेदीस्थित महिला जागृति साकोस, सर्वाधिक ऋण परिचालन गर्ने थाहा नगरपालिकास्थित हिमशिखर साकोस र सर्वाधिक शेयर खरिद गर्ने इन्द्रसरोवर गाउँपालिकास्थित सक्रिय साकोसलाई सम्मान गरेको छ । यस्तै महिला साकोसतर्फ सर्वाधिक बचत गर्ने महिला अभियान साकोस, सर्वाधिक ऋण परिचालन गर्ने पासाङल्हामु महिला साकोस र सर्वाधिक शेयर खरिद गर्ने शुभकामना महिला साकोसलाई सम्मान गरेको छ ।

संघकी अध्यक्ष कल्पना श्रेष्ठको सभाध्यक्षतामा भएको साधारणसभामा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, हेटौंडा उपमहानगरपालिकाका सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल र संघकी संस्थापक अध्यक्ष सुलोचना स्याङतान, निवर्तमान अध्यक्ष राधा सिन्तान लगायतको आतिथ्य रहेको थियो ।




# सवारी दुर्घटनामा २ जनाको मृत्यु



समाज संवाददाता

हेटौंडाः चितवनमा भएको सवारी दुर्घटनामा २ जनाको मृत्यु भएको छ । चितवनमै एक जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१८, गुञ्जनगरमा मोटरसाइकलले ठक्कर दिँदा एकजना पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१९ बस्ने ३५ वर्षीया सरस्वती गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार भीमनगरबाट वडा कार्यालयतर्फ जाँदै गरेको ना ५१ प ६४९२ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री गुरुङसहित मोटरसाइकल चालक सोही स्थानका ३० वर्षीय आइतसिंह घर्ती र सवार २६ वर्षीया सुशीला घर्ती घाइते भएका थिए । घाइते तीनै जनालाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा पैदलयात्री गुरुङको उपचारको क्रममा शुक्रबार १२ बजेर १५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका थिए । घाइते दुई जनाको अवस्था सामान्य रहेको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२८, अन्डौलीमा मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकलको पछाडी सवार ४८ वर्षीय रणबहादुर बानियाँ रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार बेलुका ७ बजेर ३० मिनेटको समयमा गोलाघाटबाट मेघौलीतर्फ आउँदै गरेको बा प्र-०६-०१ प ३४७६ नम्बरको मोटरसाइकल अनियन्त्रित पल्टिँदा बानियाँसहित चालक भरतपुर महानगरपालिका-२७, मेघौलीका २७ वर्षीय राजन महतो घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा बानियाँको शुक्रबार राति ११ बजेर ५५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-६, पाँचकिलोमा एक जना महिला मृत अवस्थामा फेला परेकी छन् । शुक्रबार नामथर नखुलेको अन्दाजी ३० वर्षीया महिला मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

अनुसन्धानको क्रममा मागिखाई हिँड्ने मानसिक सन्तुलन ठिक नभएको महिला रहेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि लागि भरतपुर अस्पताल लगिएको छ ।

## सम्पादकीय

# निष्प्रभावी बन्दै प्रदेशसभा

दुई अहिना अघिदेखि स्थगित बागमती प्रदेशको प्रदेशसभा बैठक अझै अनिश्चित बनिरहेको छ । वर्षे अधिवेशन अन्त्य भएपछि स्थगित प्रदेशसभाको हिउँदे अधिवेशनको तालसुर देखिएको छैन । प्रदेशसभा बैठक डाक्नेबारे प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुबीच सहमति जुट्न नसक्दा प्रदेशसभा अनिश्चित बन्दै गएको हो । प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल तथा अन्य विपक्षी दलहरु सरकारले बजेट पारित गर्ने समयमा गरेको प्रतिबद्धता पूरा नभई बैठक बस्न नदिने पक्षमा देखिएका छन् । वर्तमान सकारले चालु आर्थिक वर्षको बजेट पारित गर्ने समयमा विपक्षी दलका सांसदको मागबमोजिमका कार्यक्रममा बजेट उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि बजेट विनियोजन नगरिएको भन्दै विपक्षी दलहका सांसदहरु असन्तुष्ट बनेका छन् । आफूहरुसँग प्रदेश सरकारले गरेको प्रतिबद्धता पूरा गरी बजेट नछुट्याएसम्म प्रदेशसभा चल्न नदिने प्रतिपक्षी सांसदहरुको अडान छ ।

गत आइतबार बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले हिउँदे अधिवेशन आह्वान गर्ने र संसदीय समितिका सभापति चयन गर्ने विषयमा छलफल गर्न सर्वदलीय बैठक बोलाउनुभएको थियो । छलफलमा सहभागी दलहरुका प्रतिनिधिले बजेटको विषयमा भएको सहमति कार्यान्वयनमा जोड दिएपछि प्रस्तावित विषयमा छलफल नै नभई सर्वदलीय बैठक बिना निष्कर्ष टुङ्गिएको थियो । घण्टासम्म चलेको बैठकमा संसदीय समितिको निर्वाचन र प्रदेशसभा बैठकको बारेमा भन्दा पनि बजेट कार्यक्रम कार्यान्वयन, निर्वाचन क्षेत्र विकास कार्यक्रम (संसद विकास कोष) र बजेटका सन्दर्भमा सरकार र प्रतिपक्षबीचको सहमतिका बारेमा छलफल भएको थियो । सहमति कार्यान्वयनको चरणमा नगएसम्म अन्य विषयमा छलफल हुन नसक्ने एमाले र राप्रपाले अडान राखेका कारण बैठक बिना निष्कर्ष अन्त्य भएको थियो । प्रतिपक्षीको अडानकै कारण प्रदेश सरकार प्रदेशसभा बैठक आह्वान गर्ने तयारीमा छैन । प्रदेशसभा बैठक आह्वान गरेपनि प्रतिपक्षको अवरोध रहने भएकाले जति समय लागे पनि दलहरुबीच सहमति गरेरमात्र प्रदेशसभा बैठक आह्वान गर्नुपर्ने बाध्यता प्रदेश सरकारलाई छ ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ वटा दलहरुबीच ५ वटा समितिको नेतृत्वको विषयमा भागबण्डा मिलाउनु पर्नेछ । प्रदेश सरकारको बजेट सन्तुलित नभएको भन्दै प्रतिपक्ष दलका सांसदहरुले आफ्ना कार्यक्रमका लागि बजेट विनियोजन गर्ने सहमति प्रदेश सरकारसँग गरेपछि बजेट पारित गर्न सघाएका थिए । तर, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सहमति कार्यान्वयन गर्ने सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावपत्र बैठकमा प्रस्तुत गर्नुभएको थियो । अख्तियारले आर्थिक वर्षको बीचमा बजेट कार्यक्रममा नयाँ योजना थप नगर्न र रकमान्तर नगर्न सुझाव दिएको छ । सरकारले प्रतिपक्षी दलहरु एमालेलाई ४५ करोड र राप्रपालाई २५ करोड रुपैयाँ बराबरका योजना दिने सहमति भएको बताइएको छ । प्रदेशसभामा सरकार हावी भएको भन्दै सरकारले बजेट पारित गर्ने समयमा गरेको सम्झौता पूरा नगरे प्रदेशसभा बैठक अनिश्चित हुने प्रतिपक्षी दलका सांसदहरुको अडान छ ।

सरकारले आवश्यकता र औचित्यताको आधारमा कार्यक्रम तथा बजेट ल्याउन नसकेकै कारण सरकार अप्ठ्यारोमा पर्ने गरेको छ । सरकारमा जुन व्यक्ति वा दलको प्रतिनिधित्व छ, उनीहरुले आफ्नो क्षेत्रमा बढी कार्यक्रम तथा बजेट लैजाने परिपाटीले प्रतिपक्षीहरु असन्तुष्ट बन्ने गरेका हुन् । सरकारले प्राथमिकताका आधारमा प्रभावकारी बजेट परिचालन गर्ने हो भने प्रतिपक्षी दलहरुले बिरोध गर्नुको औचित्य रहँदैन । सरकार आफैं पारदर्शी नहुने, एकपक्षीय बजेट तथा कार्यक्रम ल्याउने गरेकै कारण सरकार पूरा समय चल्न नसकेको स्पष्ट छ । सरकारले प्राथमिता निर्धारण गरेर सोही अनुसार बजेट ल्याउने हो भने प्रतिपक्षीले सहयोग गर्न सक्छन् । सरकारले राम्रो गरिराखेको अवस्थामा प्रतिपक्षीले बिरोध गरे पनि त्यसको औचित्य रहँदैन । प्रदेश सरकारले जथाभावी कार्यक्रम र बजेट ल्याउने, प्रतिपक्षीसँग जस्तो पनि सहमति र सम्झौता गर्ने हो भने प्रदेशसभा अनिश्चितमात्र नभई निष्प्रभावी बन्नेछ । यस्तो क्रम बढ्दै जाँदा प्रदेश तह नै नरहन सक्नेतर्फ दलहरु गम्भीर हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्मबल र निर्णायक क्षमतामा वृद्धि हुने समय छ ।
**वृष** : ज्ञान र सीप बाँडेर जस लिने समय योग रहको छ ।
**मिथुन** : प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो रहला ।
**कर्कट** : इष्टमित्र र दाजुभाइसँगको सहयोग प्राप्त हुनेछ ।
**सिंह** : विभिन्न स्रोतबाट आय आम्दानी बढ्ने समय छ ।
**कन्या** : हाँके ताकेका काममा सफलता प्राप्त हुने समय छ ।
**तुला** : भावनाहरु साटासाट गर्दा मन हल्का हुने समय छ ।
**वृश्चिक** : धनसँग सम्बन्धित समस्याहरु समाधान होलान् ।
**धनु** : मित्रताको प्रस्ताव बढ्ने समय योग रहेको छ ।
**मकर** : आफन्त वा साथीभाइको निःस्वार्थ सहयोग प्राप्त होला ।
**कुम्भ** : शरीरमा थकान र उत्साहमा कमी आउने समय छ ।
**मीन** : सरल व्यवहारले कामबाट लाभ प्राप्त होला ।

# मानव अधिकार दिवस अर्थात डिसेम्बर १०



**अमर अधिकारी**

प्रत्येक वर्ष १० डिसेम्बरमा अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइन्छ । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकार घोषणापत्र पारित गरेको ऐतिहासिक दिनको सम्झनास्वरुप यो दिवस मनाउने गरिएको हो । विश्वमा मानवअधिकार घोषणापत्र सबैभन्दा बढी भाषामा अनुवादित तथा प्रकाशित भएको घोषणापत्र हो । पछिल्लो तथ्यांकअनुसार यो घोषणापत्र ५ सयभन्दा बढी भाषामा अनुवादित भएको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र ७५ वर्ष पुग्यो ।

१० डिसेम्बर २०२३ अर्थात २०८० मंसिर २४ मा विश्वको सबैभन्दा महत्वपूर्ण विश्वव्यापी घोषणाहरु मध्ये एक मानिने मानवअधिकारको विश्वव्यापी घोषणाको ७५ औं वार्षिकोत्सव मनाइँदैछ । यो ऐतिहासिक दस्तावेजले जाति, रंग, धर्म, लिङ्ग, भाषा, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतको परवाह नगरी सबैलाई मानवको रूपमा पाउने अपरिहार्य अधिकारहरू समावेश गर्दछ ।

प्रत्येक वर्ष विभिन्न मूल नाराका साथ मनाइने अन्तर्राष्ट्रिय मानवअधिकार दिवस यो वर्ष अर्थात् सन् २०२३ मा Dignity, Freedom, and Justice for All "सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय" भन्ने आशयको रहेको छ । मानवअधिकार खासमा एउटा मानिसको जन्म भएपछि उसले पाउनु पर्ने अधिकारहरु हुन् । सम्मानित जीवनका लागि एउटा मानिसका लागि चाहिने सबै आधारभूत आवश्यकताहरु मानवअधिकार भित्र पर्छन् ।

### मानवअधिकार भनेको के हो ?

मानवअधिकार मानव भएको नाताले मानवमा अन्तर्निहित तथा अहरणीय अधिकारहरुको समष्टिगत रुप हो । यो किन्न कमाउन पर्ने विषय होईन । यो कुनै भेदभाव बिना स्वतन्त्रपूर्वक उपभोग गर्न पाउँछ । मानवअधिकार आयोग ऐन, २०५३ ले गरेको परिभाषाअनुसार मानवअधिकार भनेको व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहितअधिकार हो ।

### मानवअधिकारका प्रकृति तथा विशेषताहरू

यी अधिकार विश्वव्यापी हुन्छ र यसको प्रयोग हरेक स्थान र समयमा समान रुपले हुन्छ । यी अधिकारहरु सार्वभौम हुन्छ, साथै यसको सर्वोच्चतालाई सम्पूर्णताको जरा मानिन्छ । यी अधिकार अविभाज्य हुन्छ र मानव जीवनबाट छुट्याउन सकिँदैन । यी अधिकारहरु अहरणीय हुन्छ र कुनै पनि राज्यशक्तिले हरण गर्न सक्दैन । यी अधिकार नैसर्गिक हुन्छ र जन्मजात ग्रहण गरिन्छ ।

### मानवअधिकारमा व्यक्ति र राज्यको स्थान

मानवअधिकार "व्यक्ति" र "राज्य" बीचको सम्बन्ध हो । राज्यले मानिसमा अन्तर्निहित मानवअधिकारका निम्ति जिम्मेवारीवहन गर्दछ । मानवअधिकारमा "व्यक्ति अधिकार उपभोगकर्ता" र "राज्यकर्तव्य निर्वाहकर्ता" हुन्छ ।

मानवअधिकार र राज्यको दायित्वः सम्मान गर्ने दायित्व, प्रवर्द्धन गर्ने दायित्व, संरक्षण गर्ने दायित्व, परिपूर्ति गर्ने दायित्व ।

### मानवअधिकारको प्रकार

**सबै व्यक्तिलाई प्राप्त हुने अधिकार.**

१) नागरिक अधिकार, २) राजनीतिक अधिकार, ३) आर्थिक अधिकार, ४) सामाजिक अधिकार, ५) साँस्कृतिक अधिकार, ६) यातना विरुद्धको अधिकार ७) विकासको अधिकार, ८) रोजगारीको अधिकार ।

### विशेष वर्गलाई प्राप्त हुने अधिकार

-महिलाहरुको अधिकार, बालबालिकाहरुको अधिकार
-आदिवासी तथा जनजातिहरुको अधिकार
-पिछडिएका जातिहरुको अधिकार
-अपांगहरुको अधिकार, वृद्ध व्यक्तिहरुको अधिकार
-दलितको अधिकार, पिछडिएको भुगोलका वासिन्दाको अधिकार

### मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ः

सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले जारी गरेको मानवअधिकारको मापदण्डको रुपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा समेटिएका अधिकारहरु यस प्रकार रहेका छन् :

१) समानताको अधिकार,
२) भेदभावबाट स्वतन्त्रता,
३) जीवन, स्वतन्त्रता र वैयक्तिक सुरक्षाको अधिकार,
४) दासताबाट स्वतन्त्रता,
५) यातना तथा अपमानजनक व्यवहार विरुद्धको अधिकार,
६) कानुनको अगाडि व्यक्तिको रुपमा मान्यता पाउने अधिकार
७) कानुनको अगाडि समानताको अधिकार,
८) सक्षम न्यायालयबाट कानुनीउपचार पाउने अधिकार,
९) स्वेच्छाचारी गिरफ्तारी तथा देश निकालाबाट स्वतन्त्रता,
१०) स्वच्छ सार्वजनिक सुनवाईको अधिकार
११) अपराध प्रमाणित नभएसम्म निर्दोष मानिन पाउने अधिकार
१२) परिवार, आवास गृह र पत्राचार लगायतको गोपनीयतामा हस्तक्षेपबाट स्वतन्त्रता
१३) कुनै देशभित्र वा बाहिर स्वतन्त्रतापूर्वक आवत-जावत गर्न पाउने अधिकार
१४) अन्तर्राष्ट्रिय शरण खोज्ने तथा लिने अधिकार
१५) राष्ट्रियता र त्यसलाई परिवर्तन गर्न पाउने स्वतन्त्रताको अधिकार
१६) विवाह तथा परिवारको अधिकार
१७) निजी सम्पतिको अधिकार
१८) विश्वास र धर्मको स्वतन्त्रता
१९) राय र सूचनाको स्वतन्त्रता
२०) शान्तिपूर्ण भेला र संगठनको अधिकार
२१) सरकार र स्वतन्त्र चुनावमा भाग लिन पाउने अधिकार
२२) सामाजिक सुरक्षाको अधिकार
२३) स्वेच्छिक काम गर्न पाउने तथा श्रम संगठन बनाउन पाउने अधिकार
२४) आराम तथा फुर्सदीको अधिकार
२५) पर्याप्त जीवनस्तरको अधिकार
२६) शिक्षाको अधिकार
२७) साँस्कृतिक जीवन तथा समुदायमा भाग लिन पाउने अधिकार
२८) सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार
२९) पूर्ण विकासका लागि व्यक्तिको समाजप्रतिको कर्तव्य
३०) घोषणापत्रको विरुद्ध हुने गरी यसको कुनै धाराको व्याख्या गर्न नपाईने ।

नेपालको संविधान २०७२ को भाग ३ मा नेपाली नागरिकका मौलिक हक र कर्तव्यको उल्लेख गरिएको छ । सो संविधानको धारा १६ देखि धारा ४६ सम्म नेपाली जनतालाई ३१ वटा मौलिक हकको प्रत्याभूति गरिएको छ । जसमा सम्मानपूर्वक बाँच्न पाउने स्वतन्त्रता, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, धार्मिक तथा साँस्कृतिक स्वतन्त्रता, छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार आदि पर्दछन् । धारा ४८ मा प्रत्येक नेपाली नागरिकको कर्तव्यको उल्लेख छ । नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा उल्लेख गरिएको छ ।

### धारा

१६) सम्मानपूर्वक बाँच्न पाउने हक,
१७) स्वतन्त्रताको हक
१८) समानताको हक
१९) सञ्चारको हक
२०) न्याय सम्बन्धीहक
२१) अपराध पीडितको हक
२२) यातना विरूद्धको हक
२३) निवारक नजरबन्द विरूद्धको हक
२४) छुवाछुत र भेदभाव विरूद्धको हक
२५) सम्पत्तिको हक
२६) धार्मिक स्वतन्त्राको हक
२७) सूचनाको हक
२८) गोपनीयताको हक
२९) शोषण विरूद्धको हक
३०) स्वच्छ वातावरणको हक
३१) शिक्षा सम्बन्धीहक
३२) भाषा र संस्कृतिको हक
३३) रोजगारको हक
३४) श्रमको हक
३५) स्वास्थ्य सम्बन्धी हक
३६) खाद्य सम्बन्धीहक
३७) आवासको हक
३८) महिलाको हक
३९) बालबालिकाको हक
४०) दलितको हक
४१) ज्येष्ठ नागरिकको हक
४२) सामाजिक न्यायको हक
४३) सामाजिक सुरक्षाको हक
४४) उपभोक्ताको हक
४५) देशनिकाला विरुद्धको हक
४६) संबैधानिक उपचारको हक
४७) मौलिक हकको कार्यान्वयन
४८) नागरिकका कर्तव्य

नेपालको संविधान २०७२ ले मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनको सुनिश्चिततालाई जोड दिएको छ । संविधान र कानूनद्वारा प्रदत्त आधारभूत मानवअधिकारको प्रत्याभूतिका लागि मुलुकमा विभिन्न संस्थागत संरचनाहरु तथा नीतिगत एवम् कानूनी व्यवस्थाहरु गरिएका छन् । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धनसम्बन्धी नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने कार्यलाई राज्यको दायित्वको रुपमा स्थापित गरिएको छ ।

सामाजिक भेदभाव, छुवाछुत, लैंगिक हिंसा, बोक्सी, बालविबाह, छाउपडी, दाइजो, जस्ता सबै प्रकारका कुप्रथा, भष्ट्राचार कानुनबमोजिम दण्डनीय बनाइए तापनि संरचनागत रुपमा नै जरा गाडेर बसेका केही कुप्रथा तथा मुलुकको विकट भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको सहज उपलव्धताको कमी जस्ता कुराहरु मानवअधिकारको वास्तविक उपयोगको प्रत्याभुतिका लागि अहिले पनि प्रमुख समस्याको रुपमा रहेका छन् । यस अवस्थाहरु मानवअधिकारका लागि बाधक हुन् । त्यसैगरी विभिन्न तहका सरकारहरु शासक कै रुपमा रही नागरिकहरु प्रति जवाफदेही र उत्तरदायी नहुँदा पनि विभिन्न समस्याहरु देखिन्छ । मानवअधिकार सबैको आवश्यकता र सरोकारको विषय भएकोले सबैले आफ्नो कर्तव्य पूरा गरी मानवअधिकारमैत्री व्यवहार, आचरण र सदाचार प्रदर्शन गर्न सकेमा सबैको अधिकारको रक्षा हुन सक्छ । यहाँहरु सबैमा मानवअधिकार दिवसको शुभकामना ।

# मञ्च, माला र खादामा रुमलिएको राजनीति

**कृष्णमणि पराजुली**

अहिले देशको अर्थतन्त्र खस्कँदो अवस्थामा छ । किनकि अर्थतन्त्रका अधिकांश सूचकांक नकारात्मक छन् । अर्थतन्त्रका बाह्य सूचकांकमा अहिले केही सुधार भए पनि सधैं यसरी नै चलिरहन्छन् भन्न सकिँदैन । विप्रेषण सकारात्मक भएकाले विदेशी मुद्राको सञ्चिति राम्रो देखिएको हो । बुझ्नुपर्ने कुरा के छ भने मानिस निर्यात गरेर देश कहिल्यै उँभो लाग्दैन । वस्तु निर्यात गरेर देश धनी हुने हो । यसका लागि देशभित्र उद्योगधन्दा, कलकारखाना सञ्चालन गर्नुपर्छ । तर, अहिले उद्योगी-व्यवसायीहरू आर्थिक संकटमा परेको हुँदा भएका उद्योग तथा व्यवसाय सञ्चालन हुन सकेका छैनन् । सञ्चालनमा भएकाहरू पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । प्रतिशतकै आधार लिने हो भने कुल क्षमताको ३० प्रतिशतको हाराहारीमा सञ्चालन भएका छन् । यस किसिमले अहिले आन्तरिक उत्पादन हुन सकिरहेको छैन ।

अहिले व्यवसायीको माग भनेको बैंक तथा वित्तीय संस्थाहरूबाट उपलब्ध हुने कर्जाको ब्याजदर एकल अंकमा घटाउने भन्ने हो । निक्षेपमा एकल अंक भए पनि कर्जामा एकल अंक नभएकाले उद्योगी-व्यवसायीहरूमा निराशा आएको छ । एकातिर आर्थिक मन्दी हट्नुको सट्टा बढ्दै गएको छ भने अर्कातर्फ कर्जाको ब्याजदरमा उनीहरुको मागबमोजिम नघटेको हुँदा उद्योग-व्यवसायले गति लिन सक्ने अवस्था देखिँदैन । त्यसकारण आन्तरिक अर्थतन्त्रमा छिटै सुधार आउने आधार बनि नसकेको अहिलेको अवस्था हो ।

विकासका आधारशिला भनेका नै देशको अर्थतन्त्र र राजनीति हुन् । अर्थतन्त्रको कुरै गर्नु पर्दैन । अर्थतन्त्र मजबुत हुनका लागि आन्तरिक उत्पादनमा वृद्धि गरेर निर्यात बढाउनु पर्छ । विप्रेषणबाट विदेशी मुद्रा भित्रिने अनि त्यही मुद्रा बाहिरिने भएपछि देशको अर्थतन्त्रमा कसरी सुधार हुने ? आन्तरिक उत्पादनमा वृद्धि गरेर वस्तु निर्यात गरी आम्दानी गर्न सकेको भए पो अर्थतन्त्रले गति लिन सक्ने अवस्था आउने थियो । तर, अहिले त्यो अवस्था देखिँदैन ।

यो त भयो खस्कँदै गएको देशको अर्थतन्त्र । अब कुरा गरौं, देशको राजनीति । अर्थतन्त्रलाई डोर्याउने काम राजनीतिको हो । अहिले अर्थतन्त्र जसरी कमजोर हुँदै गएको छ त्यस्तै राजनीतिको अवस्था छ । कुनै पनि दलको स्पष्ट बहुमत नभएको हुँदा मिलीजुली सरकार बनेको छ । सरकारमा भएका दलहरुको विभिन्न सिद्धान्त, विचार र नीति भएकाले सामञ्जस्यता नभएका कारण एक त समयमा नीति निर्माण हुन सकिरहेका छैनन् भने भएका नीति पनि कार्यान्वयनमा ल्याउन सकिएका छैनन् । फलस्वरुप विकास निर्माणका काम अलपत्र भएका छन् । जनताका मौलिक अधिकारका रुपमा रहेका शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानीजस्ता आधारभूत आवश्यकता

....बाँकी पृष्ठ ३ मा

# बचत संघमा पुनः श्रेष्ठ निर्वाचित




समाज संवाददाता

हेटौंडाः जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको अध्यक्षमा पुनः कल्पना श्रेष्ठ नै निर्वाचित हुनुभएको छ । शनिबार भएको निर्वाचनमा राजु गौतमलाई पराजित गर्दै श्रेष्ठ दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको हो । निर्वाचनमा एक सय २२ जनाले मतदान गरेका थिए । श्रेष्ठले ७९ मतसहित निर्वाचित हुँदा गौतमले ३९ मत मात्रै प्राप्त गर्नुभयो ।

यस्तै उपाध्यक्षमा मीना कुमारी चौरेल ८२ मतसहित निर्वाचित हुँदा अर्का आकांक्षी सीतादेवी भेटवालले ३५ मत प्राप्त गर्नुभयो । सचिवमा वीरेन्द्रप्रसाद ढुंगाना ७५ मतसहित निर्वाचित हुनुहुँदा हरिप्रसाद पौडेल ४३ मतसहित पराजित हुनुभयो । कोषाध्यक्षमा विष्णुमाया लामा ८० मतसहित निर्वाचित हुनुहुँदा ध्रुवप्रसाद देवकोटा ३८ मतसहित पराजित हुनुभयो । सहसचिवमा विजयबहादुर बस्नेत ६८ मतसहित विजयी हुनुहुँदा चुणामणि रुपाखेती ४४ मतसहित पराजित हुनुभयो ।

सदस्यतर्फ उत्तर-पूर्वी क्षेत्रबाट शर्मिला महत र पूर्वीक्षेत्रबाट सिताराम दाहाल सर्वसम्मत निर्वाचित हुनुभयो । उत्तरीक्षेत्रतर्फ फणिन्द्रनाथ सुवेदी ७४ मतसहित विजयी हुँदा सहदेव ढकाल ३८ मतसहित पराजित हुनुभयो । पश्चिमक्षेत्रबाट शंकर प्रसाद कालाखेती ७६ मतसहित निर्वाचित हुँदा राममाया नगरकोटी ३० मतसहित पराजित हुनुभयो । यस्तै खुला सदस्यतर्फ हिमाल पौडेल (७७ मत), जुना दंगाल (६९ मत), जानकी चौधरी (६३ मत) र यशोदा पराजुली (६१ मत) विजयी हुनुहुँदा रामहरि तिमल्सिना (४५ मत), जानुका दवाडी (३४ मत), मिनु अग्रवाल (३३ मत), हरिमाया ढकाल अधिकारी (३० मत), रामकेदार बस्नेत (१५ मत) र योगनाथ दंगाल (१३ मत) पराजित हुनुभएको छ ।

संघको लेखा सुपरीवेक्षण समितिको संयोजकमा मिठाराम दाहाल ६७ मतसहित निर्वाचित हुनुहुँदा श्रमिक लामा ४३ मतसहित पराजित हुनुभयो । लेखा सुपरीवेक्षण समितिको सदस्यमा सचिता भट्टराई (७३ मत) र कृष्ण विडारी (५१ मत) विजयी हुनुहुँदा श्रीराम दाहाल (४९ मत) र सुशान्त तिमल्सिना (३५ मत) पराजित हुनुभएको छ । निर्वाचन समितिले शनिबार साँझ नै मत परिणाम सार्वजनिक गर्दै नवनिर्वाचित समितिलाई सपथ गराएको छ ।

# सिटिइभिटीको पाठ्यक्रममा आधारित ३९० घण्टे तालिम सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाले युवा लक्षित सीपमूलक तालिम सुरु गरेको छ । नारी सीप सृजना केन्द्र हेटौंडाको 'सुरक्षित स्थानागमन प्रवर्द्धन' परियोजना अन्तर्गत सिटिइभिटीको पाठ्यक्रममा आधारित ३९० घण्टाको तालिम सुरु भएको छ । ४ वटा विधामा रहेको तालिममा २० जना युवाहरु सहभागी रहेका छन् ।

नारी सीप सिर्जना केन्द्रको आयोजनामा हेटौंडा-४ मा रहेको हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्रमा सहभागीलाई आवासीय सुविधासहित तालिम प्रदान गरिन लागिएको हो । शुक्रबार एक कार्यक्रमका बीच हाम्रो प्रशिक्षण तालिम केन्द्र हेटौंडामा तालिमको उद्घाटन गरिएको हो । केन्द्रले राक्सिराङका ७ वटा वडाका २० जना युवाहरुलाई आवासीय सुविधासहित कुक, मोवाइल मर्मत, सैलुन, अटोमोवाइल मर्मत तालिम दिने भएको हो । जस अनुसार अटो मोवाइल इन्जिनियरिङमा ४, कुकमा १२, मेवाइल मर्मतमा २ र सैलुनमा २ जना युवाहरु सहभागी हुने केन्द्रले जनाएको छ । राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जिविकोपार्जनका लागि युवाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले सीप सिकेर आफ्नै ठाउँमा केही गर्नका लागि सहयोग पुग्ने बताउनुभयो ।

राक्सिराङले वैदेशिक रोजगारीमा जाने युवाहरुका लागि छुट्टै शाखा विस्तार गर्ने योजना बनाएको उहाँले जानकारी दिनुभयो । उक्त शाखाबाट युवाहरुको सीप र वैदेशिक रोजगारमा गएकाहरुको तथ्याङ्कहरु समावेश गर्ने तथा आवश्यकता अनुसार तालिम संचालन र अन्य समन्वयात्मक काम गर्ने उहाँको भनाई छ । 'तालिम समय सापेक्ष छ । जीवन निर्वाह र आर्थिक समृद्धिका लागि फलदायी छ । युवालाई लक्षित गरेर सीप सिकाउने र वैदेशिक रोजगारीमा जाने युवाहरुको तथ्याङ्क राख्न छुट्टै शाखा गठन गर्ने गाउँपालिकाले तयारी गरेको छ', उहाँले भन्नुभयो, 'दुःखमा परेपछि मात्र पालिकालाई जानकारी हुन्छ । सो समस्या समाधानका लागि पालिकाले वैदेशिक रोजगारी तथा तालिम शाखा गठन गरेको हो । पालिकाले सीप र वैदेशिक रोजगारीमा गएर समस्यामा परेका युवाहरुको सहजताका लागि सम्बन्धित निकायहरुसँग कानुनी बाधा फुकाउन छलफल भएको छ ।'

# वंशगोपाल सहकारीको वार्षिक आम्दानी ८२ लाख

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीस्थित वंशगोपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । जिल्ला समन्वय समिति मकवानपुरकी सदस्य बिष्णुमाया थपलिया र सहकारीको ज्येष्ठ सदस्य रत्न बहादुर दुरैलीले संयुक्त रुपमा साधारणसभाको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि थपलियाले सहकारी बिगतदेखि हालसम्म पारदर्शितामा चलिरहेकाले ढुक्क भएर बचत तथा ऋण कारोबार गर्न सहज भएको बताउनुभयो । उहाँले आगामी दिनहरुमा यसैगरी कारोबारलाई निरन्तरता दिन पनि सुझाव दिनुभयो । कार्यक्रममा सहकारीका अध्यक्ष अरुणकुमार खतिवडाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै आगामी दिनहरुमा सहकारी वित्तीय कार्यक्रमलाई जोड दिँदै सदस्यहरुको ऐच्छिक बचत मजबुत पारिने र दैनिक बचतलाई विस्तार गर्दै लगिने योजना सार्वजनिक गर्नुभयो ।

यसैगरी सहकारीका कोषाध्यक्ष इमान बहादुर थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । सहकारीले आर्थिक बर्ष २०७९/०८० मा ८२ लाख ३९ हजार रुपैयाँ नाफा भएको जानकारी दिनुभयो । सहकारीको कुल शेयर रकम ५१ लाख ९९ हजार रुपैयाँ, कुल बचत रकम ५ करोड ९७ लाख ४६ हजार रुपैयाँ, कुल कर्जा लगानी ५ करोड ८३ लाख ९ हजार रुपैयाँ र कुल मौज्दात १ करोड ७७ लाख ९ हजार रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

सचिव बरुणकुमार खतिवडाले सचिवको प्रतिवेदन प्रस्तुत गर्दै सहकारीले गरेका गतिविधिबारे प्रस्ट्याउनुभयो । यस आर्थिक बर्षमा ४१ जना सदस्य वृद्धि भई कुल १ हजार ८६ जना शेयर सदस्य कायम भएको, ४ जना सेयर सदस्यका परिवारलाई मृतक राहत कोष वितरण, १६ जना जना सदस्यलाई सुत्केरी स्याहार खर्च वितरण गरिएको सचिव खतिवडाले जानकारी दिनुभयो । सहकारीले आ.व. २०८०/०८१ का लागि नयाँ कार्यक्रम थप्दै र पुराना कार्यक्रमलाई निरन्तरता पनि दिने जनाइएको छ । प्रत्येक सेयर सदस्यको सेयर १५ हजार पुऱ्याउने र ऋण लिँदा प्रति दुई हजारमा एक कित्ता सेयर अनिवार्य थप गर्दै लैजाने जनाएको छ भने सेयर सदस्य संख्या १४ सय पुऱ्याउने सहकारीको लक्ष्य रहेको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक मन्दीलाई ध्यानमा राख्दै सेयर बचत अनुपात अनुसार कर्जा प्रवाह ८ लाख रुपैयाँसम्म गरिने जानकारी दिइएको छ । सहकारीले नयाँ सेयर सदस्यका लागि दुई हजार रुपैयाँमै सदस्य बन्न सकिने प्रस्ताव पनि गरेको छ । जसमा १० कित्ता सेयर खरिद गर्दा एक हजार, प्रवेश शुल्क एक सय, राहत कोष पाँच सय र मासिक बचत चार सय गरेर कुल दुई हजार रुपैयाँमा नयाँ सेयर सदस्य बन्न सकिने सचिवको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा ऋण उपसमितिका संयोजक माधव नारायण तुलाधरले ऋण उपसमितिको प्रतिवेदन र लेखा समिति संयोजक कपिल प्रसाद पराजुलीले आन्तरिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । सहकारीको साधारणसभाका अवसरमा उत्कृष्ट बचतकर्ता बुद्धि बहादुर आले र असल ऋणी संगीता पौडेललाई सम्मान गरिएको थियो भने एसईईमा सामुदायिक र संस्थागत विद्यालयतर्फ उत्कृष्ट अंक ल्याउने सेयर सदस्यका छोराछोरीलाई नगद रकमसहित पुरस्कृत गरिएको थियो । सामुदायिक विद्यालयतर्फ जिपिए ३.६५ अंक ल्याउने ज्योति माविकी छात्रा पवित्रा तिमल्सिना र संस्थागत विद्यालयतर्फ ३.९० अंक ल्याउने तासिर बोर्डिङ स्कुलका मणिराज बराललाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा ज्योति माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रस्तेल, ज्योति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामबाबु खतिवडा, सहकारीका सल्लाहकार केशव पण्डित, सेयर सदस्यका तर्फबाट तुलसी गिरी लगायतले मन्तव्य राख्नुभएको थियो ।

# भिरबाट लडेर तामाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको ककनी गाउँपालिका-४, ओख्लेमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४८ वर्षीय सञ्चबहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

तामाङ शुक्रबार ओख्लेबाट घर फर्कने क्रममा घरबाट ३ सय मिटर दक्षिण पर्ने ओख्ले बाटोबाट ७ मिटर तल खसी घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# शिशिर बचतको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित शिशिर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं साधारणसभा सम्पन्न भएको छ । शनिबार संस्थाका अध्यक्ष मनोज तामाङको सभाध्यक्ष तथा हेटौंडा-४ की वडा सदस्य गीता त्रिपाठीको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

संस्थामा हाल ८ सय ५ जना शेयर सदस्य रहेकोमा ८५ लाख ८९ हजार २ सय २१ शेयरपुंजी रहेको संस्थाका म्यानेजर यक्ष थापाले बताउनुभयो । यस्तै, २ करोड ४२ लाख ९६ हजार ७ सय रुपैयाँ कर्जा लगानी छ भने कुल सम्पत्ति ३ करोड २६ लाख ८६ हजार रुपैयाँ छ ।

# आज बालाचतुर्दशी

समाज संवाददाता

हेटौंडाः आज आइतबार रातिदेखि बालाचतुर्दशी पर्व सुरु हुँदैछ । आफ्ना दिवंगत भएका पितृहरूको सम्झनामा मृतकका आफन्तजनबाट आज रातभर दीप प्रज्ज्वलन गरी भोलि सोमबार शतबीज छर्ने छन् । बालाचतुर्दशीका दिन हेटौंडा-४ स्थित भुवनेश्वर मन्दिर परिसर, हेटौंडा-१० स्थित गोरक्षधामसहित महादेव मन्दिरहरुमा बालाचतुर्दशी पर्व मनाइन्छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# चित्लाङमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको थाहा नगरपालिका-९, चित्लाङमा शनिबार साँझ मोटरसाइकल र बस ठोक्किएर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । शनिबार साँझ ५ बजेको समयमा थाहा नगर पालिका-९, चित्लाङमा भित्री सडकखण्डमा काठमाडौंबाट चित्लाङतर्फ जाँदै गरेको बा ४ ख ८७७३ नम्बरको बस र विपरित दिशाबाट आउँदै गरेको बा ६५ प ४१७३ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक थाहा नगरपालिका-१० का ३० वर्षीय मनोज गमालको टाउको र शरीरको विभिन्न भागमा चोट लागी गम्भीर घाईते भएका थिए । मनोजको उपचारका लागि ट्रमा सेन्टर काठमाडौं लगिएकोमा शनिबार साँझ ७ बजेर २० मिनेटको समयमा उपचारको क्रममा मोटरसाइकल चालक मनोज गमालको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलको पछाडी सवार थाहा नगरपालिका-१० कै ४८ वर्षीय शम्भु गमालको दाँया खुट्टा र छातीमा चोट लागी मध्यम घाईते थिए । उनलाई उपचारका लागि मनमोहन अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनाग्रस्त बस र मोटरसाइकल र बसका चालकलाई इलाका प्रहरी कार्यालय पालुङले हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

# शिक्षकलाई बुद्धिचाल प्रशिक्षण

समाज संवाददाता

हेटौंडाः नेपाल बुद्धिचाल महासंघ मकवानपुरको आयोजना तथा बागमती प्रदेश प्याब्सनको सहकार्यमा भएको शिक्षकका लागि बुद्धिचाल प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । हेटौंडा-१० स्थित सोलिडायरिटी बोर्डिङमा शुक्रबार बाट सुरु भएको प्रशिक्षण कार्यक्रम प्याब्सन बागमती प्रदेशका अध्यक्ष केशवलाल श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

प्रशिक्षण कार्यक्रममा प्याब्सनअन्तर्गत् रहेका मकवानपुरका विद्यालयको २८ जना र चितवनको ८ जना गरी ३६ जना शिक्षकहरुको सहभागिता रहेको थियो । प्रशिक्षणमा सहभागी भएका शिक्षकहरुलाई अन्तर्राष्ट्रिय बुद्धिचालका नियमहरु, खेलाडीमा हुनुपर्ने अनुशासन, बुद्धिचालका निर्णायकले ध्यान दिनुपर्ने कुराहरु, विद्यार्थीहरुलाई प्रशिक्षण दिँदा ध्यान दिनुपर्ने कुराहरु, बुद्धिचालको गोटीहरु चलाउँदा हुने गल्तीहरुको बारेमा सिकाइएको मकवानपुर जिल्ला बुद्धिचाल संघका सचिव किसन घिसिङले बताउनुभएको छ ।

बुद्धिचाल प्रशिक्षणमा सहभागी भएका शिक्षकहरुलाई प्रमाणपत्र प्रदान गरिने सचिव घिसिङले बताउनुभएको छ । प्रशिक्षण कार्यक्रममा सहभागी भएका शिक्षकहरुलाई नेपाल बुद्धिचाल महासंघका प्रशिक्षक निरञ्जन प्रजापतिले प्रशिक्षण दिनुभएको थियो ।

# चन्द्रोदयमा निबन्ध प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालयले शुक्रबार निबन्ध प्रतियोगिताको आयोजना गरेको छ । गत शुक्रबार 'राष्ट्र विकासमा युवाको भूमिका' शीर्षकमा स्थलगत लेखन गराइएको थियो । कक्षा ११ तथा १२ का विद्यार्थी सहभागी प्रतियोगितामा २० जना विद्यार्थी सहभागी भएका थिए ।

प्रतियोगिताका विजितहरूलाई शुक्रबार पुरस्कार प्रदान गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इवाकर मैनालीले विद्यार्थीहरूलाई पुरस्कार रूपमा व्याकरणका पुस्तक, कापी तथा डटपेन प्रदान गर्नुभएको थियो । कार्यक्रममा प्रधानाध्यापक जिधराज ढकालको पनि उपस्थिति रहेको थियो । नेपाली भाषाशिक्षक रमेशमोहन अधिकारी तथा विश्वनाथ सञ्जेलको निर्णायकत्वमा प्रथम, द्वितीय तथा तृतीयमा क्रमशः माधव पुडासैनी, रोमप्रसाद ढकाल तथा रिना थिङ विजयी घोषणा गरिएका थिए ।

कार्यक्रममा कक्षा ११ र १२ का संयोजक आत्माराम दाहाल, माध्यमिक तह संयोजक धनराज फयँल तथा प्रकाश लम्साल, विव्यस सदस्य कृष्णप्रसाद अर्याललगायतको उपस्थिति थियो ।

# *मञ्च, माला र...*

पनि परिपूर्ति हुन सकिरहेका छैनन् । हालैसालै जाजरकोटमा गएको भूकम्पले ठूलो धनजनको क्षति पुर्याएकाले उनीहरुका लागि राहत र अस्थायी घरटहराको समेत व्यवस्था गर्न नसकेका कारण सुत्केरी आमा र बच्चाहरूको मृत्यु भएको समाचार आइ नै रहेका छन् । यस अवस्थामा जनताका लागि सरकार छ-छैन भन्ने प्रश्न पनि उब्जिएको अवस्था छ ।

निश्चय नै देशको विकासका लागि राजनीतिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । तर, राजनीतिको जग नै कमजोर भएको अवस्थामा विकासले गति लिन नसक्नुलाई अन्यथा भन्न नसकिएला । यद्यपि राजनीतिक क्रियाकलाप सही दिशातिर जान नसकेको भने पक्कै हो । देश विकास गर्न र जनतालाई घरदैलोमा सेवा उपलब्ध गराउन केन्द्र, प्रदेश र स्थानीय तह गरी ७ सय ६१ वटा सरकार गठन भएका छन् । यिनीहरुको मुख्य काम भनेको यिनै दुईवटा हुन् । तर, यी ७ सय ६१ वटा सरकारले जनताका चाहनाअनुसार न त विकास दिन सकेका छन्, न त जनतालाई समयमा नै सेवासुविधा उपलब्ध गराउन सकिरहेका छन् । यही कारणले गर्दा प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न आइरहेको छ ।

राजनीतिक धरातल कमजोर भएको अवस्थामा हुने भनेको यसरी नै फुकी-फुकी सरकार चल्ने र चलाउने रहेछ । अहिले नेपालमा यही भइरहेको छ । राजनीति नै यस्तो छ भने यसले गर्ने काम पनि कमजोर हुने नै भए । जबसम्म राजनीति अस्थिर र कमजोर भइरहन्छ त्यस बेलासम्म जनताले समस्या भोगि नै रहनुपर्छ ।

अब एकैछिन कुरा गरौं, नेता र कार्यकर्ताको । कार्यकर्ता नेता बन्नु छ भने नेता ठूला नेता बन्नु छ । यही कुरामा उनीहरुको राजनीति रुमलिएको देखिन्छ । नीति निर्माण कसरी गर्ने, विकास कसरी गर्ने र जनतालाई कसरी सेवा उपलब्ध गराउनेभन्दा पनि कसरी आफ्नो महत्व बढाउनेतर्फ नेता तथा कार्यकर्ता अग्रसर भएपछि जनताका इच्छा, आकांक्षा र आवश्यकता ओझेलमा परेका छन् । राजनीतिले जनताका आवश्यकता र चाहनाप्रति वास्ता नगरेपछि जनताले सुख पाउने त कुरै भएन ।

अहिले तलैदेखि माथिसम्मका नेता तथा कार्यकर्तालाई सानोसानो कार्यक्रममा पनि पुग्नैपर्छ र मञ्चमा बस्नैपर्छ । कसैले आमन्त्रण नगरे पनि खोजी-खोजी जाने प्रचलनले प्रश्रय पाइरहेको छ । मञ्चमा आसनग्रहण गर्न पाएपछि आफूलाई ठूलै ठान्ने हाम्रा नेता तथा कार्यकर्तामा एक प्रकारको बानी नै भएको छ ।

यहाँ मञ्चमा आसीन हुने कुरा मात्र छैन, त्यहाँ माला लगाउने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ । मञ्चमा बसेर गलामा झपक्क परेको माला पहिरन पाउँदा राजनीतिकर्मीको औकात कति बढ्छ कति ! १ सय किलोवरिपरिको मालामा खादाले समेत सजिँदा धेरै कुरा किन पो गर्नुपर्यो र ? जनताले जसरी विश्वास गरेर आफ्ना जनप्रतिनिधि छानेर नीति निर्माण गर्नका लागि पठाएका हुन्छन्, तर प्रतिनिधिहरुले ठ्याक्कै उल्टो काम गरेका प्रशस्त उदाहरण भेटिन्छन् । हालै अन्त्य भएको संघीय संसद्को बैठकमा कतिपय सांसदले विद्युतीय कारोबारसम्बन्धी विधेयकमा छलफल हुँदा नेपालमा जति पनि विद्युत उत्पादन हुन्छ त्यो सबै भारतले किनिदिने यो विधेयकमा उल्लेख भएको हुँदा नेपाललाई निकै फाइदा हुन्छ भन्ने अभिव्यक्ति दिन पुगे । कहाँको विद्युतीय कारोबारसम्बन्धी विधेयक, कहाँको भारतलाई विद्युत बिक्री गर्ने कुरा । यी दुई विषय आकाश-जमिनजस्तै हुन् । यसरी विधेयकमा हुँदै नभएको कुरालाई कसरी माननीयहरूले वकालत गर्नुभयो, सबैले बुझ्न सकिन्छ नै । विधेयक नै अध्ययन नगरी जथाभावी बोलिदिँदा जनताले राजनीतिकर्मीलाई के भन्ने ? यसको जवाफ कसरी दिने ? उनीहरु आफैंले बुझ्नुपर्ने हो ।

हो, अहिले नेपालको राजनीति यसरी एकातिर उल्टो बाटोतिर लागेको छ भने अर्कातिर आफ्नो महत्व कसरी बढाउन सकिन्छ भनेर सानातिना काममा समेत बढी समय खर्चिने भएको कारणले गर्दा पनि विकास निर्माण कार्यमा जनताको पहुँच पुग्न सकिरहेको छैन र ठीक समयमा सेवा सुविधा पनि उपलब्ध हुन सकिरहेको छैन । जबसम्म यस्ता सानातिना कुरामा राजनीति रुमलिरहेको हुन्छ तबसम्म जनताले पाउने भनेको दुःख नै हो । यी कुरामा नेता तथा कार्यकर्ताले ध्यान पुर्याउनैपर्छ ।

*(स्रोतः कारोबारदैनिक)*

### जिल्ला लिग क्वालिफाइ फुटबल सुरु

# उद्घाटन खेलमा जनहित युवा क्लब विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा मकवानपुर जिल्ला लिग क्वालिफाइ नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ । शनिबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा-१९ को जनहित युवा क्लब विजयी भएको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको उद्घाटन खेलमा जनहित युवा क्लबले हेटौंडा-१३ को पदमपोखरी युवा क्लबलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गरेको छ । निर्धारित समयमा गोलरहित बराबरीमा भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । खेलको म्यान अफ म्याच जनहित युवा क्लबका आयुष गोले घोषित भएका छन् ।

शनिबारै भएको अर्को खेलमा हेटौंडा-१२ को पञ्चशील युवा क्लब विजयी भएको । पञ्चशील युवा क्लबले हेटौंडा-१८ को कमलादेवी युवा क्लबलाई टाइब्रेकरमा ३-० गोल अन्तरले पराजित गरेको छ । निर्धारित समयमा १-१ गोलको बराबरीमा रोकिएर खेल टाइब्रेकरमा पुगेको थियो ।

बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्य तथा जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाको सभाध्यक्षतामा प्रतियोगिताको उद्घाटन भएको हो । उद्घाटन कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिना, नारायणी कलेजको प्रिन्सिपल रघुनाथ खराललगायतको उपस्थिति रहेको थियो ।

प्रतियोगितामा प्रथम र द्वितीय हुने दुई टिम जिल्लास्तरीय टिमको रुपमा छनोट भई जिल्ला लिगमा सहभागी हुनेछन् । आगामी लिगमा दुई वटा टिम घटुवामा पर्ने बताइएको छ ।

# वक्तृत्वकला प्रतियोगितामा पोखरेल प्रथम

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कलापुञ्ज मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को सहकार्यमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता भएको छ । शनिबार भएको विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा हेटौंडा-४ स्थित ब्रह्मदिक एकेडेमीकी छात्रा प्रियान्सु पोखरेल प्रथम हुनुभएको छ ।

लैङ्गिक हिंसा न्यूनीकरणमा सरोकारवालाको भूमिका विषयक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सिस्नुपानी-साहित्य संगम मकवानपुरको सभाहलमा भएको थियो । प्रतियोगितामा हेटौंडा-५ स्थित जीएस निकेतनकी छात्रा पूर्वजा न्यौपाने द्वितीय हुनुभएको छ । यस्तै, जनप्रिय माध्यमिक विद्यालयकी छात्रा एरिना चौलागाईं तृतीय र हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयका छात्र पारस अधिकारी सान्त्वना हुनुभएको छ ।

प्रतियोगितामा प्रथम द्वितीय, तृतीय र सान्त्वना हुनेहरुले क्रमशः ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ, १ हजार रुपैयाँ र ५ सय रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुबाट २३ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा सहभागी भएका वक्ताहरुलाई आफ्नो भनाई राख्न ५ मिनेटको समय दिएको थियो ।

आँचल साहित्य कलापुञ्ज मकवानपुरकी उपाध्यक्ष निरा शर्माले महिलाहरुले विभिन्न हिंसाहरु भोग्नु परेको कारणले गर्दा आँचलले विभिन्न कार्यक्रमहरु गर्दै आएको बताउनुभयो । उहाँले महिला हिंसाविरुद्ध १६ दिने अभियानअन्तर्गत् यो प्रतियोगिताको आयोजना गरेको बताउनुभयो ।

आँचल साहित्य कलापुञ्ज मकवानपुरकी अध्यक्ष भावना सापकोटाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा ४ की सदस्य गीता त्रिपाठीको प्रमुख आतिथ्यमा प्रतियोगिता भएको थियो । प्रतियोगितामा सामाजिक विकास मन्त्रालयको महिला विभागकी चन्दा व्यञ्जनकार, आँचलकी संस्थापक अध्यक्ष मुना अर्याल, साहित्यकार देवराज खरेल, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलालगायतको उपस्थिति रहेको थियो ।

# वडा कार्यालयले आफ्नै भवन बनाउने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ५ नम्बर वडा कार्यालयले आफ्नै भवन निर्माण गर्ने भएको छ । अहिले भाडाको घरमा बस्दै आएकोमा कार्यालयले आफ्नै भवन निर्माण गर्न लागेको वडा अध्यक्ष सुशील घिमिरेले जानकारी दिनुभयो ।

शनिबार वडाका विभिन्न संघसंस्था, बुद्धिजीवी र वडाबासीहरुको उपस्थितिमा सर्वदलीय बैठक बसी भवन बनाउने सहमति भएको अध्यक्ष घिमिरेले बताउनुभयो । छलफलको क्रममा वडा सदस्यहरु, राईटोल टोल विकास संस्थाअन्तर्गत् रहेको रत्नकाली मन्दिर व्यवस्थापन समिति, विभिन्न संघसंस्था, सरोकारवाला वडाका दलीय संयन्त्रका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । छलफलपश्चात तत्कालीन रत्नकाली स्कूल रहेको राइटोलको जग्गामा भवन निर्माण गर्ने सहमति भएको उहाँले बताउनुभयो ।

भवन निर्माण गर्न नगरपालिकाले चालु आर्थिक वर्षमा २५ लाख रुपैयाँ बजेट छुट्याएको छ । उक्त बजेटले फउण्डेशन (जग) को काम हुने घिमिरेले बताउनुभयो । अर्को आर्थिक वर्षसम्म भवन निर्माण कार्य सम्पन्न गर्ने गरी अगाडि बढ्ने घिमिरेको भनाइ छ । ९ कोठाको ३ तल्ले भवनमा सभाहलसहित सुविधा हुनेछ ।

# शिक्षक संगठनको प्रदेश अध्यक्षमा श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठन बागमती प्रदेश समितिको अध्यक्षमा सिन्धुपाल्चोकका राजेन्द्र श्रेष्ठ चयन हुनुभएको छ । शनिबार बिहान हेटौंडामा सम्पन्न प्रथम अधिवेशनबाट श्रेष्ठ प्रदेश समितिको अध्यक्षमा चयन हुनुभएको हो ।

श्रेष्ठको अध्यक्षतामा ३५ सदस्यीय प्रदेश समिति गठन भएको छ । संगठनको उपाध्यक्षमा काठमाडौंकी सानुमैया खड्का, ललितपुरकी इन्दिरा घिमिरे र नुवाकोटाका विष्णुप्रसाद पौडेल चयन हुनुभएको छ । यस्तै, संगठनको महासचिवमा चितवनका पूर्ण पुरी, उपमहासचिवमा काभ्रेकी लक्ष्मी अधिकारी, सचिवमा सिन्धुलीका रुद्रबहादुर खड्का, कोषाध्यक्षमा मकवानपुरकी लक्ष्मी चौलागाईं र सहकोषाध्यक्षमा भक्तपुरका रामचन्द्र भट्टराई चयन हुनुभएको छ ।

अधिवेशनबाट प्रदेश समिति सदस्यमा मकवानपुरका सुनिल गौतम, बालकुमार श्रेष्ठ र लक्ष्मी अधिकारी चयन हुनुभएको छ । शुक्रबारदेखि सुरु भएको अधिवेशनमा प्रदेशका १३ जिल्लाबाट करिब ६ सय जना प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# ७८ जनाको निःशुल्क स्वास्थ्य जाँच



स्वास्थ्य परीक्षणका लागि शिविरमा आएका महिलाहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा भएको निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार शिविरमा ७८ जनाले सेवा लिएका छन् । उपमहानगरको दुर्गम क्षेत्र लक्षित गरी जनस्वास्थ्य शाखाले शनिबार हेटौंडा-१६, सिमलचौरमा आयोजना गरिएको स्वास्थ्य शिविरमा पाठेघर, स्तन क्यान्सर तथा प्रजनन् फिस्टुलासम्बन्धी निःशुल्क जाँच गरिएको हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य शाखा प्रमुख भोला चौलागाईले जानकारी दिनुभयो ।

शिविरमा डा. विदुर भण्डारी र डा. कमलराज न्यौपानेले स्वास्थ्य परीक्षण गर्नुभएको थियो । 'पालिकाले १ सय २० जनाको स्वास्थ्य परीक्षण गर्ने लक्ष्य लिएको थियो', चौलागाईले भन्नुभयो, 'जानकारी ढिलो पुगेका कारण धेरै मानिसले स्वास्थ्यजाँच गराउन पाएनन् ।' चौलागाईका अनुसार धेरै महिलामा प्रजनन् फिस्टुलाको समस्या देखिएको छ ।

# मनहरी अध्यक्ष कप फुटबल प्रतियोगिताको तयारी पूरा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा आयोजना हुने चौथो अध्यक्ष कप फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ । खेलकुद विकास समिति मनहरीको आयोजनामा आगामी मंसिर ३० गतेबाट सुरु हुने प्रतियोगिताबारे शनिबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी गराएको हो ।

पत्रकार सम्मेलनमा खेल तालिका सार्वजनिक, मैदान मर्मत, आन्तरिक व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा भएको जनाइएको छ । प्रतियोगितामा गाउँपालिकाका नौ वटा वडाको सहभागिता रहनेछ । नकाउट चरणमा सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद एक लाख र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्ने आयोजक समिति संयोजक विरु लामाले जानकारी दिनुभयो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद दश हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, अन्य विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई जनही ५-५ हजार रुपैयाँ प्रदान गरिने समिति सदस्य कविन दर्लामीले बताउनुभयो । प्रतियोगिताको उद्घाटन समारोहमा मनहरी गाउँपालिकाबाट जुनियर राष्ट्रिय टोलीमा समावेश भएका दुईजना फुटबलरलाई सम्मानित गरिनेछ ।

प्रतियोगितामा करिब आठ लाख ५० हजार रुपैयाँ हुने अनुमान गरिएको छ । गाउँपालिकाले प्रतियोगिताका लागि ७ लाख रुपैयाँ विनियोजन गरेको छ । पत्रकार सम्मेलनमा पालिका अध्यक्ष रञ्जन कालाखेतीले खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ वर्षेनि प्रतियोगिता सञ्चालन गरिने बताउनुभयो । उहँले विभिन्न खेलहरुमा योजनाबद्ध तवरबाट पालिकाले लगानी गरिरहेको र त्यसबाट नतिजा निस्कन थालेको बताउनुभयो ।

## बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानुनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

सुकराम केसी
वडा अध्यक्ष तथा
९ नम्बर वडा कार्यालय परिवार

# राहत शिक्षकको कार्यवाहक अध्यक्षमा पराजुली

समाज संवाददाता

हेटौंडाः नेपाल राहत शिक्षक समिति मकवानपुरको कार्यवाहक अध्यक्षमा शम्भु पराजुलीलाई जिम्मेवारी दिइएको छ । समितिको शनिबार बसेको बैठकले पराजुलीलाई कार्यवाहक जिल्ला अध्यक्षको जिम्मेवारी सर्वसम्मत प्रदान गर्ने निर्णय भएको हो ।

जिल्ला अध्यक्ष जीवन तिमल्सिना नेपाल राहत शिक्षक समिति बागमती प्रदेश कार्यसमितिको अध्यक्ष तथा केन्द्रीय सचिवालय सदस्य रहनुभएको हुँदा कार्यव्यस्तताले जिल्ला कार्यसमिति मकवानपुरको कार्यवाहक अध्यक्षमा जिल्ला कार्यसमितिका सचिव शम्भु पराजुलीलाई जिम्मेवारी दिने निर्णय भएको हो । जिल्ला कार्यसमितिको सचिवमा जिल्ला कार्यसमितिका सचिवालय सदस्य सुदर्शन पौडेललाई र जिल्ला कार्यसमितिको सचिवालय सदस्यमा नेपाल राहत शिक्षक समिति मकवानपुरगढी गाउँपालिकाका सल्लाहकार सदस्य मनकाजी घलानलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतरुपमा भएको जीवन तिमल्सिनाले जानकारी दिनुभयो ।

# बालबालिकालाई बाल पुस्तक पुरस्कार

समाज संवाददाता

हेटौंडाः बालबालिकामा पठन संस्कृतिको विकास होस भन्ने उद्देश्यका साथ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ ले टोल अन्तर्गत रहेको विभिन्न बाल समूहहरुको कार्यक्रममा पुरस्कार स्वरुप बाल पुस्तक वितरण गर्दै आइरहेको छ । विशेषगरी शुक्रबार र शनिबार हुने बाल समूहको अतिरिक्त क्रियाकलाप तथा कार्यक्रममा पुस्तक वितरण गर्ने गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ का वडा सदस्य तथा बालमैत्री सम्पर्क व्यक्ति श्यामसुन्दर परियार भन्नुहुन्छ, "बाल समूहको अतिरिक्त क्रियाकलापमा बालबालिकालाई बाल पुस्तक वितरणले बालबालिकाको बौद्धिक तथा नेतृत्व क्षमताको विकास हुनेछ ।" हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ मा बाल समूहको अतिरिक्त क्रियाकलापमा बालबालिकाका लागि साहित्यिक रचना लेखन तथा वाचन, वक्तृत्वकला, वादविवाद, व्यक्तिगत परिचय वाचन प्रतियोगिता हुने गरेको छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा
अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ